## गण्डकी प्रदेश विकास समस्या समाधान समितिको नवौं बैठकका निर्णयहरु

| क.सं. | समस्या | प्रस्तावित निर्णय | प्रमुख जिम्मेवार मन्त्रालय/निकाय | सहयोगी मन्त्रालय/निकाय |
|---|---|---|---|---|
| १ | दरबन्दी अनुसार पूर्ण जनशक्ति व्यवस्थापन नभएको। | प्रदेशको संगठन तथा व्यवस्थापन सर्वेक्षण पुनरावलोकन गरी सो अनुरुप प्रदेश निजामती किताबखानामा पद दर्ता र पदपुर्ति गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | विषयगत मन्त्रालय सबै |
| २ | कर्मचारीको सेवा प्रवेश र सेवाकालिन तालिम यथेष्ट नहुँदा गुणस्तरीय सेवा प्रवाह हुन नसकेको। | प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीको क्षमता विकासका लागि सेवा प्रवेश र सेवाकालिन तालिमका साथै वैदेशिक अध्ययन अवलोकन भ्रमणलाई प्रोत्साहन गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| ३ | बहुवर्षीय योजनाहरुमा रकम विनियोजन न्यून भएको। | बजेट सिलिङ प्रदान गर्ने समयमा बहुवर्षीय योजना र रूपान्तरणकारी योजनाको लागि आवश्यक बजेट छुट्टाए पश्चात् बाँकी स्रोतबाट विषयगत मन्त्रालयमा सिलिङ प्रदान गर्न आवश्यक कानुनी र संरचनागत सुधार गर्ने। | आर्थिक मामिला मन्त्रालय | विषयगत मन्त्रालय सबै |
| ४ | साना तथा पूर्व तयारी नभएका आयोजनामा रकम विनियोजन हुने गरेको। | आयोजना बैंकको सञ्चालन तथा कार्यान्वयन गर्ने। | विषयगत मन्त्रालय | गण्डकी प्रदेश नीति तथा योजना आयोग |
| ५ | आयोजना सम्पन्न नभएसम्म सेवा प्रदान गर्न नसकिने प्रकृतिका आयोजनाहरु जस्तै- खानेपानी र सिंचाइ आयोजनाहरु सम्पन्न नभएसम्म निरन्तर रूपमा संचालन गर्न बजेटको सुनिश्चितता नभएको। | आयोजना सम्पन्न नभएसम्म बजेट सुनिश्चितताको लागि नीतिगत व्यवस्था गर्ने। | उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय | आर्थिक मामिला मन्त्रालय/गण्डकी प्रदेश नीति तथा योजना आयोग |
| ६ | राइड सेयरिङको व्यवस्थापन नभएको। | सो सम्बद्ध आवश्यक कानुनी प्रवन्ध गर्ने। | भौतिक पुर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ७ | प्रदेश मातहतका कृषि ज्ञान केन्द्र, मुस्ताङ र बागलुङको कार्यालय भवन अन्य निकायहरुले प्रयोग गरिरहेकोले कार्यालयको दैनिक कार्य सञ्चालनमा कठिनाई रहेको। | अन्य कार्यालयहरुले प्रयोग गरेको प्रदेश मातहतमा रहेका भवनलाई स्थानीय तहसँगको समन्वयमा प्रदेशका कार्यालय सञ्चालन गर्न पहल गर्ने। | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

अध्यक्ष
प्रदेश नीति तथा योजना आयोग